**आकाशवाणी**

**October 13th, 2024 Sunday**

**प्रमुख समाचार :-**

- **राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तीन देशहरू - अल्जेरिया, मौरिटानिया र मलावीको भ्रमणमा प्रस्थान**
- **पीएम गतिशक्ति राष्ट्रिय गुरु योजनाको तीन वर्ष पूरा भएकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रशंसा**
- **आज अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस मनाइँदै**
- **टेबल टेनिसमा, अहिका मुखर्जी र सुतीर्थ मुखर्जीको भारतीय जोडीले काजाकिस्तानमा भएको एसियाली च्याम्पियनसिपमा महिला युगलमा कांस्य पदक जितेर इतिहास रच्न सफल**
- **आज साँझ शारजाहमा हुने महिला ट्वान्टी-२० क्रिकेट विश्वकपको सेमिफाइनलमा भारतले अष्ट्रेलियाको सामना गर्दै**

1. Prez – Three Country Visit

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु अल्जेरिया, मोरिटानिया र मलावीको भ्रमणका लागि आज बिहान प्रस्थान गर्नुभएको छ । यी तीन अफ्रिकी देशहरूमा भारतका कुनै पनि राष्ट्रपतिको यो पहिलो भ्रमण हो। एक वर्षअघि भारतको अध्यक्षतामा अफ्रिकी संघलाई G-20 को स्थायी सदस्य बनाइएको थियो। आफ्नो भ्रमणका क्रममा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले द्विपक्षीय भेटघाट र भारतीय समुदायसँग अन्तरक्रिया गर्नु हुनेछ। भ्रमणको पहिलो चरणमा राष्ट्रपति आज साँझ अल्जेरियाको राजधानी अल्जियर्स पुग्नुहुनेछ । अल्जेरियाको तीनदिने भ्रमणका क्रममा राष्ट्रपतिले अल्जेरियाका राष्ट्रपति र अन्य प्रमुख नेताहरूसँग द्विपक्षीय भेटवार्ता गर्नु हुनेछ। त्यसपछि राष्ट्रपतिले अल्जेरियाका महत्वपूर्ण सांस्कृतिक तथा ऐतिहासिक स्थलहरू माकाम इचाहिद र शहीद स्मारकको पनि भ्रमण गर्नु हुनेछ। राष्ट्रपतिले भारत-अल्जेरिया इकोनोमिक फोरमलाई पनि सम्बोधन गर्ने कार्यक्रम छ। भ्रमणको दोस्रो चरणमा राष्ट्रपतिले अक्टोबर १६ मा मौरिटानिया र अन्तिम चरणमा राष्ट्रपति द्रौपदी मुर्मुले १७ देखि १९ अक्टोबरसम्म मलावीको भ्रमण गर्नु हुनेछ।

2. Birla Geneva IPU

लोकसभा अध्यक्ष श्री ओम बिरलाले स्विट्जरल्याण्डको जेनेभामा आजदेखि सुरु भएको अन्तर-संसदीय संघको १४९औँ बैठकमा संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको छ। यो बैठक यही महिनाको १७ तारिकसम्म चल्नेछ । आफ्नो भ्रमणको क्रममा श्री बिरलाले अन्य देशका संसदका अध्यक्षहरूसँग पनि भेट गर्नु हुनेछ। आफ्नो भ्रमणका क्रममा श्री बिरलाले जेनेभामा भारतीय समुदायसँग भेट गर्नु हुनेछ। प्रतिनिधिमण्डलमा राज्यसभाका उपसभापति श्री हरिवंश सिंह, दुवै सदनका महासचिव र अन्य धेरै सांसदहरू सामेल छन्।

3. PM Gati Shakti

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले प्रधानमन्त्री गतिशक्ति राष्ट्रिय गुरुयोजनाको तीन वर्ष पूरा भएकोमा प्रशंसा गर्दै यो योजनाले भारतको पूर्वाधारमा परिवर्तन ल्याउने र विकसित भारतको सपना साकार पार्ने बताउनुभएको छ । एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले गतिशक्तिले विभिन्न क्षेत्रहरूको द्रुत र प्रभावकारी विकास सुनिश्चित गरेको बताउनुभएको छ। यो योजना २०२१ मा आजकै दिन सुरु गरिएको थियो।

4. MHA - UN Day

गृह मन्त्रालयले यसै महिनाको २४ तारिखमा संयुक्त राष्ट्र संघ दिवसको अवसरमा सबै महत्त्वपूर्ण भवनहरूमा राष्ट्रिय झण्डासहित राष्ट्रसंघको झण्डा लगाउन सबै केन्द्रीय विभाग र राज्य तथा केन्द्र शासित प्रदेश प्रशासनलाई अनुरोध गरेको छ।

5. Delhi Police – Firecrackers

दिल्ली पुलिसको अपराध शाखाले दिवाली अघि राजधानीमा 1,323 किलोग्राम अवैध पटाका बरामद गरेको छ। प्रतिबन्धित पटाका आपूर्ति गर्ने चालकसहित तीन जनालाई पुलिसले पक्राउ गरेको छ । प्रहरीले यस सम्बन्धमा बाहिरी दिल्लीको बाप्रोला र किरारी गाउँका दुई गोदाममा छापा मारेको थियो।

6. Disaster Risk Reduction Day

आज अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस हो। विपद् न्यूनीकरणमा शिक्षाको महत्वलाई उजागर गर्न यो दिवस मनाइन्छ । यस अवसरमा संयुक्त राष्ट्रसंघका महासचिव श्री एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनका कारण हुने प्रकोपबाट बालबालिकालाई जोगाउन अन्तर्राष्ट्रिय पहल गर्नुपर्ने बताउनुभएको छ। विपद्ले समाज र अर्थतन्त्रबाहेक शिक्षा, स्वास्थ्य र सुरक्षामा समेत असर पार्ने भएकाले विपदबाट सुरक्षित रहन सक्ने खालका विद्यालय निर्माण गर्न श्री गुटेरेसले अपिल गर्नुभएको छ। विपद् जोखिम न्यूनीकरणका लागि यस वर्षको अन्तर्राष्ट्रिय दिवसको नारा रहेको छ - **आगामी पुस्तालाई उज्यालो भविष्यका लागि सशक्त बनाउनु।**

7. Earthquake Assam J&K

आसाममा आज बिहान ४.२ रेक्टर स्केलको भूकम्प गएको छ । यद्यपि भूकम्पबाट हालसम्म कुनै मानवीय वा धनमालको क्षतिको खबर आएको छैन । ब्रह्मपुत्र नदीको उत्तरी किनारमा रहेको उदलगुरी जिल्लामा आज बिहान ७ बजेर ४७ मिनेटमा भूकम्पको धक्का महसुस गरिएको सरकारी तथ्याङ्कले जनाएको छ । यसैबीच, जम्मु कश्मीरको केन्द्र शासित प्रदेशको डोडा जिल्लामा आज बिहान ४.३ म्याग्निच्युडको भूकम्पको धक्का महसुस गरिएको छ । यसको धक्का बिहान ६.१४ बजे महसुस गरिएको थियो ।

8. Lebanon Death Toll

गत वर्षको अक्टोबर ८ मा हिजबुल्लाह-इजरायली द्वन्द्व सुरु भएदेखि लेबनानमा इजरायली हवाई हमलामा मृत्यु हुनेको संख्या २,२५५ पुगेको छ भने कुल १०,५२४ घाइते भएका छन्। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार सेप्टेम्बरमा इजरायलले लेबनानमा आक्रमण तीव्र बनाएपछि कम्तीमा १,६४५ जनाको मृत्यु भएको बताएको छ।

9. IMD – Rainfall Warning

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले आगामी चार दिनमा तमिलनाडु, पुडुचेरी, कराइकल, केरला र तटीय आन्ध्र प्रदेशमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। साथै यो साता गुजरात, कोंकण, गोवा, मध्य महाराष्ट्र, मराठवाडा, मध्य प्रदेश, विदर्भ, छत्तीसगढमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।  बिहार, झारखण्ड, पूरै पश्चिम बङ्गाल, सिक्किम र छत्तीसगढ, मध्य प्रदेश, ओडिशा, असम र मेघालयका केही अन्य भागबाट दक्षिणपश्चिम मनसुन अझै नहटेको विभागले जनाएको छ । आगामी दुई दिनमा देशका बाँकी भागबाट दक्षिणपश्चिम मनसुन बाहिरिने सम्भावना रहेको मौसम विभागले जनाएको छ ।

10. Asian Table Tennis 1700

टेबलटेनिसमा भारतका शीर्ष महिला जोडी अहिका मुखर्जी र सुतीर्थ मुखर्जीले कजाकिस्तानको अस्तानामा भएको एसियन टेबलटेनिस च्याम्पियनसिप 2024 मा देशका लागि पहिलो पदक जितेर इतिहास रचेका छन्।  आज भएको सेमिफाइनलमा अहिका मुखर्जी र सुतीर्थ मुखर्जीको भारतीय जोडी जापानका मिवा हरिमोटो र मियु किहारासँग ०-३ ले पराजित भएको छ ।  विश्व वरियतामा १५औं स्थानमा रहेका अहिका र सुतीर्थले क्वाटरफाइनलमा कोरिया गणतन्त्रका किम नयोङ र ली युनहीको जोडीलाई ३–१ ले पराजित गरेका थिए ।

11. Women's T20 Cricket

अर्कोतर्फ, क्रिकेटमा शारजाहमा जारी महिला टी–२० विश्वकपको समूह 'ए' मा भारतले आज अष्ट्रेलियासँग खेल्दैछ । खेल भारतीय समय अनुसार साँझ साढे सात बजे सुरु हुनेछ । भारतले न्युजिल्यान्डसँग एक खेलमा हार बेहोरेको छ । त्यसैले आजको खेल भारतका लागि सेमिफाइनलको दाबी गर्ने हिसाबले महत्वपूर्ण छ । यसैबीच आज दिउँसो समूह 'बी' मा इंग्ल्याण्ड र स्कटल्याण्डबीच प्रतिस्पर्धा भएको थियो। प्राप्त जानकारीअनुसार इंगल्याण्डले स्कटल्याण्डलाई 10 विकेटले पराजित गरेको छ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तीन देशहरू - अल्जेरिया, मौरिटानिया र मलावीको भ्रमणमा प्रस्थान
2. पीएम गतिशक्ति राष्ट्रिय गुरु योजनाको तीन वर्ष पूरा भएकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रशंसा
3. आज अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस मनाइँदै
4. टेबल टेनिसमा, अहिका मुखर्जी र सुतीर्थ मुखर्जीको भारतीय जोडीले काजाकिस्तानमा भएको एसियाली च्याम्पियनसिपमा महिला युगलमा कांस्य पदक जितेर इतिहास रच्न सफल
5. अनि आज साँझ शारजाहमा हुने महिला ट्वान्टी-२० क्रिकेट विश्वकपको सेमिफाइनलमा भारतले अष्ट्रेलियाको सामना गर्दै

<><><>